# निर्वाचन आचार संहिता (तेस्रो) संशोधन, २०७४

निर्वाचन आयोगबाट स्वीकृत मिति : २०७४।६।२३

<u>प्रस्तावना</u> : निर्वाचन आचार संहिता, २०७२ लाई संशोधन गर्नु वाञ्छनीय भएकोले,

निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो आचार संहिता बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस आचार संहिताको नाम "निर्वाचन आचार संहिता (तेस्रो) संशोधन, २०७४" रहेको छ ।

(२) यो आचार संहिता तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>निर्वाचन आचार संहिता, २०७२ को दफा ३ मा संशोधन</u>** : निर्वाचन आचार संहिता, २०७२ (यस पछि "मूल आचार संहिता" भनिएको) को दफा ३ को उपदफा (१) को,-

(१) खण्ड (ख) मा रहेका "स्थानीय निकाय वा तह" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (ड) पछि देहायको खण्ड (ड१) थपिएको छ :-

"(ड१) नेपाल सरकारको अनुदानमा सञ्चालित विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी ।"

३. **<u>मूल आचार संहिताको दफा ४ मा संशोधन</u>** : मूल आचार संहिताको दफा ४ को खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएको छ :-

"(ज१) उम्मेदवार वा राजनीतिक दलको निर्वाचन चिन्ह अंकित पहिरन, टोपी, स्टीकर, लोगो, झोला, ट्याटु जस्ता साङ्केतिक सामग्री उत्पादन गर्न प्रयोग गर्न, बिक्री गर्न वा प्रदर्शन गर्न वा गराउन नहुने,"

४. **<u>मूल आचार संहिताको दफा ५ मा संशोधन</u>** : मूल आचार संहिताको दफा ५ को,-

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) <u>सवारी साधन प्रयोग गर्दा पालना गर्नुपर्ने आचरण</u> :

(१) प्रतिनिधि सभा सदस्य पदको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिने प्रत्येक उम्मेदवारले निर्वाचन प्रचार-प्रसारको लागि निर्वाचन अधिकृतको अनुमति लिई बढीमा चारवटा चारपाङ्ग्रे हलुका सवारी साधन र बढीमा चारवटा मोटरसाइकल वा त्यस्ता सवारी साधन नचल्ने ठाउँमा बढीमा चारवटा घोडा प्रयोग गर्न सक्ने,

(२) प्रदेश सभा सदस्य पदको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिने प्रत्येक उम्मेदवारले निर्वाचन प्रचार-प्रसारको लागि निर्वाचन अधिकृतको अनुमति लिई बढीमा दुईवटा चारपाङ्ग्रे हलुका सवारी साधन र चारवटा मोटरसाइकल वा त्यस्ता सवारी साधन नचल्ने ठाउँमा बढीमा दुई वटा घोडा प्रयोग गर्न सक्ने,

(३) राजनीतिक दलले निर्वाचन अधिकृतको अनुमति लिई एउटा जिल्लामा बढीमा दुईवटा चारपाङ्ग्रे हलुका सवारी साधन वा त्यस्ता सवारी साधन नचल्ने ठाउँमा बढीमा चारवटा घोडा प्रयोग गर्न सक्ने,

(४) उपखण्ड (१), (२) र (३) बमोजिम सवारी साधनको प्रयोग गर्नुअघि उम्मेदवार वा निर्वाचन प्रतिनिधिले त्यस्तो सवारी साधन प्रयोग गर्न अनुमतिपत्रका लागि सम्बन्धित निर्वाचन अधिकृत समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्ने,

(५) उपखण्ड (४) बमोजिम कुनै उम्मेदवार वा निर्वाचन प्रतिनिधिको निवेदन परेमा निर्वाचन अधिकृतले यस खण्डको अधीनमा रही अनुसूची-२ बमोजिमको ढाँचामा सवारी साधन प्रयोग अनुमतिपत्र प्रदान गर्ने,

(६) उपखण्ड (५) बमोजिम एउटा उम्मेदवार वा दलको नाममा अनुमतिपत्र प्रदान गरिएको सवारी साधन अन्य उम्मेदवार वा दलले प्रयोग गर्नु वा गराउनु नहुने,

(७) उपखण्ड (५) बमोजिम प्रदान गरिएको सवारी साधनको अनुमतिपत्रको अभिलेख सम्बन्धित निर्वाचन अधिकृतले राख्नु पर्ने,

(८) नेपाल सरकारको मन्त्रीले निर्वाचनको लागि राजनीतिक दलले सञ्चालन गर्ने कार्यक्रममा भाग लिँदा सरकारी सवारी साधनको प्रयोग गर्न नपाउने,

(९) निर्वाचन प्रचार प्रसारको लागि राजनीतिक दलले आफ्नो तर्फबाट तीनजना मुख्य प्रचारकको नाम आयोगमा बुझाउनु पर्ने र आयोगले अनुमति दिएका मुख्य प्रचारकले मात्र हेलिकप्टर प्रयोग गर्न सक्ने,

(१०) राजनीतिक दलले उपखण्ड (९) बमोजिम हेलिकप्टर प्रयोग गर्दा समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा राजनीतिक दलको लागि आयोगले निर्धारण गरेको निर्वाचन खर्चको सीमा भित्र रही खर्च गर्न पाउने,

(११) स्थानीय तहको कुनै पदको निर्वाचनको प्रचारप्रसारको लागि उम्मेदवार वा राजनीतिक दलले आयोगले तोकेको सङख्या र प्रकारका सवारी साधन मात्र प्रयोग गर्नुपर्ने ।"

(२) खण्ड ख) पछि देहायको खण्ड (ख१) थपिएको छ :-

"(ख१) प्रचार-प्रसारमा सञ्चार माध्यमको प्रयोग गर्दा पालना गर्नु पर्ने आचरण :

(१) राजनीतिक दलले टेलिभिजन, रेडियो वा एफएम रेडियोको माध्यमबाट निर्वाचन प्रचार-प्रसार गर्दा कम्तीमा एक घण्टाको अन्तरालमा चौबीस घण्टामा बढीमा चार पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रशारण गर्न सकिने,

(२) राजनीतिक दलले पत्रपत्रिकाको माध्यमबाट प्रचार-प्रसार गर्दा प्रत्येक दिन बढीमा ७ इन्च X ७ इन्च सम्मको आकारमा कुनै एउटा पत्रिकामा प्रचार सामग्री छपाउन सकिने,

(३) प्रतिनिधि सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि उम्मेदवारले टेलिभिजन, रेडियो वा एफएम रेडियोको माध्यमबाट निर्वाचन प्रचार प्रसार गर्दा कम्तीमा एक घण्टाको अन्तरालमा चौबीस घण्टामा बढीमा चार पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रशारण गर्न सकिने,

(४) प्रदेश सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि उम्मेदवारले टेलिभिजन, रेडियो वा एफएम रेडियोको माध्यमबाट निर्वाचन प्रचार प्रसार गर्दा कम्तीमा एक घण्टाको अन्तरालमा चौबीस घण्टामा बढीमा दुई पटक र एक पटकमा बढीमा पैंतालीस सेकेण्ड प्रशारण गर्न सकिने,

(५) प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि उम्मेदवारले पत्रपत्रिकाको माध्यमबाट निर्वाचन प्रचार-प्रसार गर्दा प्रत्येक दिन बढीमा ७ इन्च X ७ इन्च सम्मको आकारमा कुनै एउटा पत्रिकामा मात्र प्रचार सामग्री छपाउन सकिने ।

(३) खण्ड (घ) को उपखण्ड (४) झिकिएको छ ।

५. **मूल आचार संहिताको दफा ९ मा संशोधन** : मूल आचार संहिताको दफा ९ को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "लोक सेवा आयोग र न्याय सेवा आयोगद्वारा" भन्ने शब्दहरुको सट्टा "लोक सेवा आयोग, न्याय सेवा आयोग, शिक्षा सेवा आयोग, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा नेपाली सेनाद्वारा" भन्ने शब्दहरु राखिएका छन् ।

६. **मूल आचार संहितामा अनुसूची थप** : मूल आचार संहितामा देहाय बमोजिमका अनुसूची-१ र अनुसूची -२ थपिएका छन् :-

“अनुसूची-१
(दफा ५ खण्ड (ख) को उपखण्ड (४) सँग सम्बन्धित)

## सवारी साधनको अनुमतिपत्रको लागि दिने निवेदनको ढाँचा

श्री निर्वाचन अधिकृत,
निर्वाचन अधिकृतको कार्यालय,
प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं.....
.......................... जिल्ला ।

विषय : निर्वाचन प्रचार-प्रसारको लागि सवारी साधनको प्रयोग गर्न अनुमति पाउँ ।

प्रतिनिधि सभा सदस्य/प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं .....बाट प्रतिनिधि सभा सदस्य/ प्रदेश सभा सदस्य पदको निर्वाचनमा ..................... राजनीतिक दल/राजनीतिक दलका/स्वतन्त्र उम्मेदवार ...................को तर्फबाट निर्वाचनको प्रचार-प्रसारको लागि यस आचार संहिताको दफा ५ खण्ड (ख) को अधीनमा रही देहायको विवरण अनुसारको सवारी साधन प्रयोग गर्न अनुमतिपत्रको लागि यो निवेदन पेश गरेको छु ।

**सवारी साधनको विवरण**

| क्र.सं | सवारी साधनको किसिम र संख्या | सवारी साधनको रङ्ग | सवारी साधनको नम्बर | सवारी साधनको धनीको नाम |
|---|---|---|---|---|
| १. | जीप/कार थान : | | | |
| २. | मोटरसाईकल थान : | | | |
| ३. | घोडा संख्या : | | | |

सवारी साधन प्रयोग गर्ने उम्मेदवार वा राजनीतिक दलको नाम : ...................
उम्मेदवार वा निर्वाचन प्रतिनिधिको नाम : ..................
सहीछाप : ....................................
राजनीतिक दल............... /स्वतन्त्र उम्मेदवार
मिति : .............

अनुसूची-२
(दफा ५ खण्ड (ख) को उपखण्ड (५) सँग सम्बन्धित)

निर्वाचन आयोग
**निर्वाचन अधिकृतको कार्यालय**
प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं........
........... जिल्ला

## सवारी साधनको अनुमतिपत्र

सवारी साधन प्रयोग गर्ने राजनीतिक दल/उम्मेदवारको नाम, थर : .....................

उम्मेदवारको वतन : ...................................

उम्मेदवारको राजनीतिक दलको नाम : ...................../स्वतन्त्र उम्मेदवार

सवारी साधनको किसिमः जीप/कार/भ्यान/मोटरसाइकल सवारी साधनको दर्ता नं. :................
सवारी साधन धनीको नाम, थर : .................................

सवारी साधन धनीको वतन : .....................................

सवारी साधन दर्ता भएको अञ्चल : ..................

सवारी साधन प्रयोग हुने निर्वाचन क्षेत्र : प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं... /प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं...

अनुमतिपत्र बहाल रहने अवधि : .......................देखि ............ सम्म ।

कार्यालयको छाप

निर्वाचन अधिकृतको,-
सहीछाप :
नाम :
मिति :”